अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

## आय ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मिति: २०८१।०६।०८**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार र मिति २०८१/०३/०९ गतेको गाउँसभाद्वारा पारित आर्थिक ऐन अनुसार तपसिलको आय ठेक्का आ.व. २०८१/८२ को लागि आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले अन्नपूर्ण गाउँपालिकाको सार्वजनीक नियमावलि २०७६ को नियम १३८ (झ) वमोजिम सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्रदाता दर्ता हुन नआएकाले मिति २०८१।०६।०६ गते बसेको गाउँकार्यपालिकाको बैठक अनुसार निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि पुन: यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) तपसिल बमोजिमका ठेक्काहरुको लागि निर्धारित म्यादभित्र तोकिए बमोजिमका बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ । बोलपत्र फारम यस ठेक्काको लागि खरिद गर्नु पर्नेछ।

२) बोलपत्र पेश गर्न इच्छुक व्यवसाय, फर्म वा कम्पनीहरु (खाजा घर, होटेल, रेस्टुरेन्ट वा क्यान्टिन सञ्चालनसँग प्रकृति मिल्ने अन्य पर्यटन व्यवसाय सञ्चालक) ले बोलपत्र फाराममा आफुले कबोल गर्न चाहेको अंक भरी, अंक र अक्षरमा रकम प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०८०/८१ वा आ.व २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी धरौटी वापत आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको नाममा प्रभु बैंक, अन्नपूर्ण शाखामा रहेको धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा ९० दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र संलग्न गरी तोकिए बमोजिमको मिति र समयमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । रीतपूर्वक दाखिला हुन आएका सिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा कार्यालय प्रतिनिधि तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न बाधा पर्नेछैन।

३) बोलपत्र फारामको खाम बाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्वोधन गरी पेश गर्नुपर्नेछ ।

४) आफुले पेश गरेको बोलपत्र फाराममा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ । रीतपूर्वक दाखिला भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५) ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको पत्रको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न आउनुपर्नेछ । सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यस पछिको कबोल गर्ने बोलपत्रदाताको बोलपत्रलाई स्वीकृत गरिनेछ ।

रामप्रसाद शर्मा

प्रशासकीय अधिकृत

६) ठेक्का सम्झौता गर्न आउँदा आफुले कवोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशत मुल्य अभिवृद्धि कर (भ्याट) रकम र कवोल गरेको ५० प्रतिशत रकम अन्नपूर्ण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं १५४०११०४१२६०००५६ मा अग्रिम दाखिला गर्नुपर्नेछ र बाँकी रकमको बैंक जमानत पेश गर्नुपर्नेछ ।

७) आफुले कवोल गरेको रकम एकमुस्ट वुझाउने स्वीकृत वोलपत्रदातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिइनेछ । एकमुस्ट रकम वुझाउन नसक्ने वोलपत्रदाताले दोस्रो किस्ता २५ प्रतिशत पौष मसान्त भित्र र अन्तिम किस्ता २५ प्रतिशत जेष्ठ मसान्त भित्र वुझाईसक्नु पर्नेछ ।

८) स्वीकृत वोलपत्रदाताले शुल्क असुल गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र उठाउन पाउनेछ ।

९) ठेक्का स्वीकृत भएका फर्म/ कम्पनीले गाउँपालिकाले तोकिदिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयमा दर्ता गराई प्रयोग गर्नु पर्नेछ । प्रत्येक रसिद नं.मा VAT नं. अनिवार्य हुनुपर्नेछ ।

१०) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु यस गाउँपालिकाको निर्णय तथा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

११) कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुनेछैन । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.९८५७६८३८१० मा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| क्र.सं | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अंक रु. (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर रकम | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम पेश गर्नुपर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | 01/RT/ARM/2081-82 | पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण - ६, पुनहिल | ४९,५०,०००।– उनन्पचास लाख पचास हजार मात्र | ३०००।- | २०८१।०६।१० कार्यालय समय भित्र | २०८१।०६।११ अपरान्ह १२:०० बजे भित्र | २०८१।०६।११, दिउँसो २:००, अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालय |

**नोट :-**

१। अन्नपूर्ण गाउँपालिकाबाट सञ्चालन हुने उल्लिखित ठेक्कामा लाग्ने शुल्क गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

२। सञ्चालन हुने समय, विक्रि वितरण हुने सामग्री, आचार संहिता लगायतका विषयहरु व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत